# Narayani Polytechnic Institute

फाराम वितरण/परीक्षा केन्द्र : शिक्षालय परिसर

Bharatput 10, Chitwan Phone: 056593316/593324/9855012633

## NPI ... for Quality Technical education & Vocational Training

## नारायणी बहुप्राविधिक शिक्षालय, भरतपुर १० , चितवन

### 'SEE पछिको गन्तब्य प्राविधिक शिक्षा प्राविधिक शिक्षाको लागि नारायणी बहुप्राविधिक शिक्षालय"

नारायणी बहुप्राविधिक शिक्षालय प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गत इन्जिनियरिंग बिषय संचालनका लागि इन्जिनियरिंग बिषयहरुको हवको रुपमा विकास गर्ने उद्देश्यले नेपालको मध्ये क्षेत्र चितवनको मुटु भरतपुरमा आंगिक शिक्षालयको रुपमा २०७३ सालमा स्थापित शिक्षालय हो । यो शिक्षालय १४२२३ sq मिटर क्षेत्रमा फैलिएकोको छ । *हाल यस शिक्षालयमा डिप्लोमा इन सिभिल, इलेक्ट्रिकल, अटोमोबाइल र जियोम्याटिक्स कार्यक्रमहरु संचालनमा छन् भने बिशेष छात्रवृति कार्यक्रम अन्तर्गत डिप्लोमा इन सिभिल, प्रि-डिप्लोमा इन इलेक्ट्रिकल कार्यक्रमहरु संचालनमा रहेका छन् त्यसैगरी औद्योगिक प्रशिक्षार्थी तालीम कार्यक्रम अन्तर्गत २४ महिने Early Childhood Development faciliation कार्यक्रम संचालनमा छ* । नारायणी बहुप्राविधिक शिक्षालय यस क्षेत्रमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को आंगिक शिक्षालयको कमिको पूर्तिकोलागि मात्रै नभई समाजका सबै वर्ग, लिङ्ग, क्षेत्र, समुदाय र सबै खाले आर्थिक हैसियत भएका अभिभावकका बाल-बालिकाहरुको सस्तो र सुलभ दरमा प्राविधिक शिक्षा र तालीममा समान पहुँचको सुनिश्चितताको लागि स्थापना गरिएको हो । यस शिक्षालयले पठन-पाठनका अतिरिक्त प्रशिक्षार्थीहरुको समग्र व्यक्तित्व बिकाशका लागि अतिरिक्त क्रियाकलाप र सृजनात्मक बिषयगत क्रियाकलाप (Creative/Innovative Engineering Activities) मा जोड दिंदै आएको छ ।




## नारायणी बहुप्राविधिक शिक्षालय नै किन ?

- सीपयुक्त गुणस्तरीय जनशक्ति उत्पादन गर्ने ।
- शान्त र प्रविधिमैत्री बातावरण ।
- व्यवहारिक र जानकारी मुलक सिकाईमा जोड ।
- प्रयोगात्मक अभ्यास बिधि केन्द्रित गरि सिकाइने ।
- प्रयोगात्मक अभ्यासलाई अनुसन्धान मुलक ढंगबाट सिकाइने ।
- समयानुकुल अतिरिक्त कक्षाको व्यवस्था ।
- अत्याधुनिक प्रयोगशाला तथा कार्यशाला ।
- सीपलाई आधुनिक बैज्ञानिक प्रविधिसंग जोड्दै सिक, कमाउ र तिरको आवधरणा लागु गरिने ।
- प्राबिधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को आंगिक शिक्षालय भएकोले शिक्षालयलाई तिर्नु पर्ने शुल्क एकदमै कम ।

### प्रशिक्षार्थीको सिकाई अवसर

प्रशिक्षार्थीहरुको सिकाई अवसरलाई प्रवर्धन र वास्तविक कार्य क्षेत्रमा गुणस्तरीय कार्य सम्पादनमा सहजिकरणको लागि शिक्षलायाद्वारा विभिन्न रोजगार प्रदायक संस्थाहरु, औद्योगिक प्रतिष्ठान, औद्योगिक पेशागत संघ-संगठन र स्थानीय सरकार (*FNCCI, निर्माण व्यवसायी संघ CG Group, Automobile Association, Electrical Association*) हरुसंग समन्वय / MOU गरि OJT/Internship को व्यवस्था गरिएको छ ।

### प्रशिक्षार्थी रोजगार कार्यक्रम

प्रशिक्षार्थीहरुको रोजगारी प्रवर्धनको लगि शिक्षालयद्वारा निश्चित मापदण्ड तय गरिने छ उक्त मापदण्ड भित्र परेका प्रशिक्षार्थीहरुलाई विभिन्न रोजगार प्रदायक संस्थाहरुसंग समन्वय गरि रोजगारी प्रवन्धको सुरुवात गरिने छ ।

## बिभिन्न कार्यक्रमको कोटा निर्धारण

| सि.नं. | कोटा विवरण | सिभिल | इलेक्ट्रिकल | अटोमोबाइल | जियोम्याटिक्स | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | नारायणी नमुना मा.बि. शिक्षक, कर्मचारी, शिक्षक / कर्मचारी परिवार | ४ | ४ | ४ | ४ | |
| २ | भरतपुर महानगरपालिकाका वडा नं. १० का बिद्यार्थी (आदिवाशी, जनजाती) | १ | १ | १ | १ | |
| ३ | नारायणी नमुना मा. वि.बिद्यार्थी | ४ | ४ | ४ | ४ | |
| ४ | वर्गीकृत पूर्ण शुल्कीय | ४ | ४ | ४ | ४ | |
| ५ | प्रि-डिप्लोमा कार्यक्रम | ५ | ५ | ५ | ५ | |
| ६ | वर्गीकृत छात्रवृति | ४ | ४ | ४ | ४ | |
| ७ | CTEVT कर्मचारी,कमचारी परिवार | १ | १ | १ | १ | |
| ८ | पूर्ण शुल्कीय खुल्ला | २५ | २५ | २५ | २५ | |












npictevt@gmail.com/website: npictevt.edu.np

**Quality is not only our slogan , it is our commitment, belief and claim.**